# हिमालयन बैंक लिमिटेडको
# फर्निचरहरू बिक्री गर्ने सम्बन्धि १५ दिने सूचना

## प्रथम पटक प्रकाशित मिति २०८१।०२।०४

यस बैंकको **ठमेल शाखा कार्यालय** अन्य स्थानमा स्थानान्तरण गरिएकोले सो शाखा कार्यालयका फर्निचरहरु शिलबन्दी बोलपत्रको माध्यमबाट **जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा** बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था, विमा कम्पनी, सहकारी संस्था तथा अन्य कार्यालय प्रयोजनको लागि समेत उपयुक्त रहेको कार्यालय फर्निचर खरिद गर्न इच्छुक व्यक्ति/संघ/संस्थालाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गर्न चाहेको मूल्य सहित बैंकको प्रधान कार्यालय, सामान्य प्रशासन विभागमा गोप्य शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नुहुन आहवान गरिएको छ।

**शर्तहरु**:

- बोलपत्र फारममा फर्निचरहरु के कति मूल्यमा खरिद गर्न चाहेको हो सोको व्यहोरा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ।
- बोलपत्र पेश गर्दा बैंकले बिक्री गर्न चाहेको सम्पूर्ण फर्निचरहरुको लागि बोलकबोल रकम पेश गर्नुपर्नेछ। अन्यथा पेश गरिएको बोलपत्र बैंकले अस्वीकृत गर्न सक्नेछ।
- बोलपत्रदाता व्यक्ति भएमा बोलपत्रकासाथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि र कम्पनी, फर्म वा संस्था भएमा अद्यावधिक सहितको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र आधिकारिक व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी बोलपत्र पेश गर्नुपर्नेछ।
- बोलपत्रदाताले बोलपत्रमा उल्लेखित रकमको ५ प्रतिशत रकम धरौटी स्वरुप हिमालयन बैंक लिमिटेडको नजिकको शाखा कार्यालयमा जम्मा गरी सो को नगदी भौचर बोलपत्रको शिलबन्दीमा संलग्न गरी पेश गनुपर्नेछ।
- बोलपत्र स्वीकृत भएका संस्था वा व्यक्तिले खरिद गरिने सम्पत्ति प्राप्तिको लागि बोलपत्रमा उल्लेखित रकम प्रस्ताव स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र यस बैंकको बैंक खातामा जम्मा गरी सक्नुपर्नेछ, अन्यथा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ।
- प्राप्त बोलपत्र/प्रस्तावहरु कारण देखाइ वा नदेखाइ पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने वा प्राप्त प्रस्ताव उपर पुनः नेगोसिएसन एवम् वार्ता गर्ने सर्वाधिकार यस बैंकमा सुरक्षित रहनेछ।
- बोलपत्र फारम तथा फर्निचरहरुको विवरण यस बैंकको प्रधान कार्यालय, सामान्य प्रशासन विभागबाट प्राप्त गर्न सकिनेछ।
- बोलपत्र स्वीकृत भएको अवस्थामा लिलाम बिक्रीबाट खरिद गरिएको सम्पत्ति खरिदकर्ताले लिएर जान चाहेको अवस्थामा आफ्नै खर्चमा बोलपत्र स्वीकृत भएको ३० दिन भित्र स्थानान्तरण गरिसक्नुपर्नेछ।
- उल्लेखित सर-सामानहरुको निरीक्षण कर्मचारी संचयकोषको त्रिदेवी मार्ग, ठमेलस्थित भवन (हिमालयन बैंक लिमिटेडको तत्कालिन ठमेल शाखा) मा कार्यालय समयभित्र गर्न सकिनेछ।
- बोलपत्रदाताको अनुपस्थितिमा बोलपत्र खोल्न बाधा पर्नेछैन।

HBL | हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
कमलादी, काठमाडौं, फोन नं. ०१-५९७१३४६